# लुङ्ग्री गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## लुङ्ग्री गाउँ कार्यपालिकाको मिति २०७९।०८।११ को बैठकमा भएको निर्णयहरू

प्रश्तावहरूः

**कार्यपालिका बैठकका प्रश्तावहरू**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने योजना छनौट सम्बन्धमा।

२. कार्यविधि पारित सम्बन्धमा।

   क) स्थानीय राजश्व परामर्श समितिको कार्यसंचालन कार्यविधि, २०७९

   ख) लुङ्ग्री गाउँपालिकाको कार्यसंचालन निर्देशिका, २०७९

   ग) लुङ्ग्री गाउँपालिकाको करारमा जनशक्ती व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९

३. MBBS डाक्टर(मेडिकल अधिकृत)को लागि पुनः विज्ञापन प्रकाशन सम्बन्धमा।

४. गाउँपालिकाको भिडियो डकुमेन्ट्री निर्माण सम्बन्धमा।

५. इ-हाजिरी जडान सम्बन्धमा।

६. बराह मेलाको अवसरमा सार्वजनिक विदा सम्बन्धमा।

७. मतदाता शिक्षाको लागि बजेट विनियोजन सम्बन्धमा।

८. साझेदारी रकम विनियोजन सम्बन्धमा।

९. विविध सम्बन्धमा।

   क) छात्रवृति रकम विनियोजन सम्बन्धमा।

**निर्णयहरूः**

१. चालु आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन गर्नको लागि प्रत्येक वडामा देहायबमोजिमका आयोजनाहरू आयोजना बैंकबाट छनौट गर्ने।

| लुङ्ग्री गाँउपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०७९/०८० मा सन्चालन हुने योजनाहरु | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | आयोजनाको नाम | आयोजनाको ठेगाना | श्रमिकको आवश्यक संख्या | अनुमानित रकम रु | स्रोत |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | हाम्पा झोपु देखी दाईवाङ सम्म घोरेटो बाटो निर्माण | लुङग्री-०१ | ३ | १७३१०० | नेपाल सरकार, गाँ.पा. |
| २ | मठ हुदै शिवाजी थान तासीवाङ गदेगउदा गोरेटो बाटो मर्मत | लुङग्री-०२ | ९ | ५१९३०० | नेपाल सरकार, गाँ.पा. |
| ३ | वडा कार्यालय हुदै चनिचौर देखि टावर सम्म नाली मर्मत | लुङग्री-०२ | ६ | ३४६२०० | नेपाल सरकार, गाँ.पा. |
| ४ | औलेसारी गोरेटो बाटो मर्मत | लुङग्री-०३ | १० | ५७७००० | नेपाल सरकार, गाँ.पा. |
| ५ | बिसुना खर्क बालकल्याण आ वि गोरेटो बाटो निर्माण | लुङग्री-०४ | १३ | ७५०१०० | नेपाल सरकार, गाँ.पा. |
| ६ | देविस्थान लिट भिरपानि खोला गोरेटो बाटो निर्माण | लुङग्री-०४ | १३ | ७५०१०० | नेपाल सरकार, गाँ.पा. |
| ७ | कमघेरी देखि गुम्चाल सिमाना गोरेटो बाटो निर्माण | लुङग्री-०५ | १० | ५७७००० | IDA, गाँ.पा. |
| ८ | पुरानो बुज्याङ देखि जलकेनी घोरेटो बाटो निर्माण | लुङग्री-०५ | ९ | ५१९३०० | IDA, गाँ.पा. |
| ९ | वडा कार्यालय देखी थोर्कोट सम्म घोरेटो बाटो निर्माण | लुङग्री-०५ | ११ | ६३४७०० | IDA, गाँ.पा. |
| १० | लुङ्ग्री खोला देखी ज्योति आ वि सम्म गोरेटो बाटो मर्मत | लुङग्री-०६ | ६ | ३४६२०० | IDA, गाँ.पा. |
| ११ | झुसीबाङ देखी पाटेगुम्चाल हुदै बिष्टपोखरा सम्म गोरेटो बाटो मर्मत | लुङग्री-०६ | ६ | ३४६२०० | IDA, गाँ.पा. |
| १२ | लखर्के दुर्गिवास मा वि हार्जङ गोरेटो बाटो निर्माण | लुङग्री-०७ | २ | ११५४०० | नेपाल सरकार, गाँ.पा. |

२. स्थानीय राजश्व परामर्श समितिको कार्यसंचालन कार्यविधि, २०७९, लुङ्ग्री गाउँपालिकाको कार्यसंचालन निर्देशिका, २०७९ र लुङ्ग्री गाउँपालिकाको करारमा जनशक्ती व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ लाई पारित गर्ने ।

३. चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिकाको लागि पदपूर्ती हुनुपर्ने मेडिकल अधिकृत(MBBS) पद पूर्ती हुन नसकेको हुँदा पुनः १५(पन्ध्र) दिनको समय तोकी राष्ट्रिय दैनिक पत्रिकामा समेत सूचना प्रकाशन गरी पदपूर्ती प्रकृया अगाडी बढाउने ।

४. गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक पहिचान झल्किने भिडियो डकुमेन्ट्री निर्माणको गर्ने। उक्त डकुमेन्ट्री निर्माणको लागि आवश्यक पर्ने बजेट शीर्षक नं. २२४११ सेवा र परामर्श बजेट शीर्षकबाट खर्च गर्न सहमती दिने।

५. गाउँपालिकालाई सूचना प्रवधिमैत्री बनाउन तथा कर्मचारीको हाजिरी प्रणालीलाई व्यवस्थित बनाउन गाउँ कार्यपालिकाको कार्यालय, सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य संस्थाहरू तथा विद्यालयहरूमा प्राथमिकताको आधारमा इ-हाजिरी जडानको कार्य गर्न कार्यालयलाई निर्देशन दिने। उक्त हाजिरी जडान गर्न आवश्यक बजेट व्यवस्था चालु आर्थिक वर्षको बजेट शीर्षक नं. ३११२२ को **सूचना प्रविधि अपग्रेट** तथा सोही शीर्षक नं. ३११२२ को **डिजिटल नागरिक बडापत्र** शीर्षकबाट खर्च गर्न सहमती दिने।

६. बडाचौरमा लाग्ने बराह मेला पर्वको अबसरमा गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विद्यालय तथा अन्य सार्वजनिक निकायहरूमा मंसिर २१ गते सार्वजनिक विदा दिने।

७. मतदाता शिक्षाको लागि वडाहरूमा खटिएका मतदाता शिक्षा स्वयम् सेविकालाई दिइने पारिश्रमिक बापत प्रत्येक स्वयंम सेविकालाई एकमुष्ट रु. १०,०००।-(दश हजार रुपैया) का दरले जम्मा ७ जना स्वयम् सेविकाको पारिश्रमिक रु. ७०,०००।-(सत्तरी हजार रुपैया) तथा अन्य प्रशासनिक खर्च बजेट शीर्षक नं २८९११ को भैपरी आउने चालु शीर्षकबाट विनियोजन गरी खर्च गर्न सहमती दिने।

८. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास कार्यक्रमको साझेदारीका लागि सूचना प्रकाशन भएकोले उक्त कार्य गर्न चालु आर्थिक वर्षको पुरक बजेटबाट स्वीकृत हुनेगरी गत वर्षको बाँकी रकमबाट रु. ५०,००,०००।- (पचास लाख) विनियोजन गरी साझेदारीको प्रकृया अगाडी बढाउन सहमती दिने।

९. संवाद छात्रवृतिको लागि साझेदारी गर्न भएको निर्णयानुसारको रकम रु २०००००(दुइ लाख) तथा हाल नपुग भएको रकम रु २५,०००।-(पच्चीस हजार) समेत गरी जम्मा रु २२५०००।(दुइ लाख पच्चीस हजार रुपैया) बजेट शीर्षक नं ३११५९ को **गै स स समपुरक** शीर्षकबाट खर्च गर्न सहमती दिने।